# सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि

२०७३

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौँ

# सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७३

(आयोगबाट स्वीकृत मिति–२०७३।७।२६)

**प्रस्तावनाः** सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको वारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सदभाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडितलाई परिपूरण र त्यस्तो अराधमा संलग्नलाई कानूनी कारवाहीको लागि सिफारिस गर्न गठीत सत्य निरुपण तथा मेलमिलाप आयोगले ऐन, नियमावली बमोजिम गर्ने सार्वजनिक सुनुवाईको कार्यलाई सरल, व्यवस्थित र एकरुपता कायम गर्न सार्वजनिक सूनुवाई सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहाय बमोजिमको सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि जारी गरेको छ ।

## परिच्छेद—एक
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम"सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि आयोगले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) “ऐन" भन्नाले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोगनियमावली, २०७२ सम्झनुपर्छ ।

(ग) "आयोग" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनुपर्छ ।

(घ) "निर्देशिका" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग छानविन निर्देशिका, २०७३ सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७३ सम्झनुपर्छ।

(च) "समिति" भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठित सुनुवाई समिति सम्झनुपर्छ ।

(छ) "सार्वजनिक सुनुवाई" भन्नाले आयोगले कुनै घटनाको छानविन गर्ने सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने, परिपूरण वा क्षतिपूर्ति उपलब्ध गराउने लगायत आयोगले उपयुक्त ठानेका अन्य विषयमा यस कार्यविधि बमोजिम गर्ने सुनुवाईलाई सम्झनुपर्छ ।

(ज) "अन्य अधिकारी" भन्नाले सार्वजनिक सुनुवाईको कार्यमा आयोगका तर्फबाट संलग्न हुने व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद—२

## सार्वजनिक सुनुवाइ र यस सम्बन्धी मापदण्ड

३. **सार्वजनिक सुनवाई गर्नेः** (१) आयोगको क्षेत्राधिकारभित्र पर्ने मानव आधिकारको गम्भिर उल्लङ्घन सम्बन्धी घटनामा उजूरीको छानविन सम्बन्धी अन्य प्रक्रियाबाट सत्य तथ्य स्थापित हुन नसकेका देहायको अवस्थामा आयोगले यस कार्यविधि बमोजिम सार्वजनिक सुनुवाई गर्न सक्नेछः–

(क) उजूरीमा उल्लिखित घटना यकिन गर्न,

(ख) मानव अधिकारको गम्भिर उल्लङ्घन सम्बन्धी घटनाका पीडक पहिचान गर्न,

(ग) पीडितलाई उपलब्ध गराउने परिपूरण वा क्षतिपूर्तिको परिमाण वा प्रकृतिको उपयुक्तता यकीन गर्न,

(घ) समाजमा दिगो शान्ति, पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धिका लागि उपयुक्त वातावरण निर्माण गर्न,

(ङ) सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण पत्ता लगाई भविष्यमा यस्ता घटना दोहोरिन नदिने उपायका सम्बन्धमा सर्वसाधारणको सुझाव लिन,

(च) आयोगले उपयुक्त ठानेको अन्य विषय ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सुनुवाई गर्ने विषय, उपयुक्त स्थान, मिति र समयको निर्धारण समेत गर्नु पर्नेछ।

४. **<u>सार्वजनिक सुनुवाई सम्बन्धी व्यवस्था</u>:** (१) आयोगबाट सार्वजनिक सुनुवाइ गर्दा देहाय बमोजिमको मापदण्डको अवलम्बन गर्नुपर्नेछः

(क) घटनाको सत्य तथ्य पत्ता लगाउने, परिपूरण वा क्षतिपूर्ति उपलब्ध गराई समाजमा मेलमिलापको वातावरण निर्माण गर्नेतर्फ सुनुवाई केन्द्रित हुनुपर्ने,

(ख) खुला, स्वतन्त्र, भय रहित, निर्धक्क र व्यवस्थित रुपमा ईच्छुक सहभागीले सुनुवाईमा सरिक हुन पाउने,

(ग) सहभागीहरुलाई तथ्य र आधार सहित घटनाको यथार्थ तथ्य प्रस्तुतिका लागि प्रोत्साहन गर्ने,

(घ) सहभागीहरुको सुरक्षाको सुनिश्चितता गर्ने,

(ङ) अभिव्यक्त घटना विवरण, बयान तथा विचार सहभागि कै शब्दमा अभिलेखिकरण गर्ने,

(च) सम्बद्ध सरकारी तथा गैर सरकारी निकायसँग समन्वय र सहकार्य गर्ने,

(छ) आयोगका पदाधिकारी वा अन्य अधिकारीको घटनासंग सम्बन्ध भएमा त्यस्तो सुनुवाईमा संलग्न नहुने,

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि घटनाको प्रकृति, संवेदनशीलता र औचित्यलाई विचार गरी समितिले

उपयुक्त ठहर्‍याएका व्यक्ति मात्र सहभागी हुन पाउने गरी सार्वजनिक सुनुवाई गर्न बाधा पर्ने छैन ।

५. **<u>सार्वजनिक सुनुवाईमा सहभागिले पालना गर्नुपर्ने नियमः</u>**

(१) सार्वजनिक सुनुवाईमा सहभागिहरुले देहाय बमोजिमको नियम पालना गर्नु पर्नेछः

(क) सम्बन्धित विषय र तथ्यमा केन्द्रित रहेर आफूले देखे, सुने वा थाहा पाएको व्यहोरा राख्नु पर्नेछ।

(ख) कसैले पनि एक–अर्का प्रति आरोप –प्रत्यारोपवा सवाल –जवाफ गर्नुहुँदैन ।

(ग) सुनुवाई समितिद्वारा निर्धारित पालो र समय सिमाको अधिनमा रहेर आफ्नो विचार राख्नु पर्नेछ ।

(घ) सुनुवाईको श्रव्य \ दृश्य छायाङ्कन र टिपोट गर्ने कार्य सुनुवाई समितिबाट खटिएका व्यक्तिहरु वाहेक अरुले गर्न पाईने छैन।

(ङ) सुनुवाईलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सवैले सहयोग पुर्‍याउनु पर्नेछ ।

(च) सुनुवाई समितिबाट निर्धारण गरिएका नियमहरुको समेत पूर्णरुपमा पालना गर्नु पर्नेछ।

(२) तोकिएका नियम पालना नगर्ने व्यक्तिलाई समितिले त्यसो नगर्न वा समारोह स्थलबाट बाहिर जान अनुरोध गर्नेछ ।

(३) सुनुवाई समितिको अनुरोधलाई वेवास्ता गरी प्रतिकूल आचरण गर्ने जो कोहीलाई स्थानीय प्रशासनको सहयोगमा सुनुवाई समारोह स्थलबाट बाहिर पठाईनेछ ।

(४) उपदफा (३) मा उल्लिखित कुराले प्रचलित कानून बमोजिम कसूर ठहरिने कार्य बापत कारवाही गर्न बाधा पर्नेछैन ।

६. **<u>सार्वजनिक सुनुवाईमा सहभागिताको लागि आह्वान गर्नेः</u>** (१) सुनुवाई हुने विषयवस्तु, कार्यक्रम स्थल, मिति र समय उल्लेख गरी सर्वसाधारणको जानकारीको निमित्त सुनुवाई हुनु भन्दा कम्तिमा तीन दिन अगावै सूचना जारी गर्नु पर्नेछ ।

(२) घटनाको प्रकृति, संवेदनशीलता र औचित्यलाई विचार गरी समितिले उपयुक्त ठहर्‍याएकाव्यक्तिमात्र सहभागी हुने गरी एउटै घटनाका वारेमा अलग–अलग सुनुवाईका लागि सूचना जारी गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी गरिने सूचनाको माध्यम समितिले निर्धारिण गरे बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम गरिने सार्वजनिक सुनुवाईमा असम्बन्धित व्यक्तिको सहभागितालाई सुनुवाई समितिले रोक लगाउन सक्नेछ ।

## परिच्छेद—३

## <u>सार्वजनिक सुनुवाइ प्रक्रिया र यसको व्यवस्थापन</u>

७. **<u>सुनुवाइ समितिको गठन</u>**:–(१)सार्वजनिक सुनुवाइ गर्नको लागि आयोगले सुनुवाइ गरिने प्रत्येक स्थानको लागि देहाय बमोजिमको कम्तिमा एक जना महिला रहने गरी पाँच सदस्यीय सुनुवाइ समिति गठन गर्नेछः

(क) आयोगबाट तोकिएका अध्यक्ष वा सदस्य – संयोजक
(ख) सम्बन्धित अनुसन्धान अधिकारीका संयोजक – सदस्य
(ग) संयोजकले तोकेका दुई जना विज्ञ – सदस्य
(घ) आयोगका कम्तीमा अधिकृत स्तरका कर्मचारी –सदस्यसचिव

८. **<u>सार्वजनिक सुनुवाइ गर्नुपूर्वको तयारीः</u>** (१)सार्वजनिक सुनुवाइ पूर्व, समितिले सुनुवाईको योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना तयार गर्नुभन्दा पहिले समितिले स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय प्रशासन, नागरिक समाजका अगुवा, मानव अधिकारकर्मी, कानून व्यावसायी, द्वन्द्व तथा सङ्क्रमणकालिन न्यायको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरु, महिला अधिकारकर्मी, स्थानीय सञ्चारकर्मीहरूसंग समेत परामर्श गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिने योजनामा निम्न विषयहरु समावेश गर्नुपर्नेछः

(क) सार्वजनिक सुनुवाई केन्द्रित हुनुपर्ने विषयवस्तु निर्धारण,

(ख) सुनुवाई स्थलको चयन र व्यवस्थापन,

(ग) सहभागिको निर्धारण,

(घ) सुरक्षा व्यवस्था,

(ङ) खानेपानी, प्राथमिक उपचार एवं मनोसामाजिक परामर्शको व्यवस्थाका साथै संभावित जोखिम र जोखिम न्यूनिनरणका उपाय,

(च) समितिले उपयुक्त ठानेका अन्य विषय ।

(४) समितिले सुनुवाई प्रक्रियामा सहभागी हुने व्यक्तिहरुको नाम संकलन, निर्धारीत समय र सुनुवाईका नियमहरुको वारेमा जानकारी गराउनु पर्नेछ ।

(५) सुनुवाईमा कुनै सहभागीले लिखित रुपमा कुनै विचार अभिव्यक्त गर्न चाहेमा त्यस्तो मौका दिनुपर्नेछ ।

(६) समितिले सुनुवाई कार्यक्रममा सामान्यतया बालबालिका, असाध्य रोगी, अशक्त वृद्ध \ वृध्दालाई सहभागि गराउने छैन । निजहरुको सहभागिता आवश्यक देखिए बालमनोविज्ञानबेत्ता/ मनोसामाजिक परामर्शदाताको परामर्श अनुसार गर्नेछ ।

(७) समितिले सुनुवाईका सहभागीहरुसँग आएका बालबालिका र अशक्तलाई सुनुवाई अवधिभर बस्नको लागि छुट्टै व्यवस्था गर्नुपर्नेछ।

९. **सार्वजनिक सुनुवाई सञ्चालन प्रक्रियाः** (१) समितिले सुनुवाईको सञ्चालन देहाय बमोजिम गर्नु पर्नेछः

(क) सुनुवाईको सञ्चालन र सहभागिले पालना गर्नुपर्ने नियमका वारेमा समितिका सदस्य सचिवले र सुनुवाईको अध्यक्षता समितिका संयोजकले गर्ने,

(ख) सुनुवाई प्रारम्भ गर्नु भन्दा पहिले कार्यक्रमको उद्देश्यका वारेमा समितिका संयोजकले जानकारी गराउने,

(ग) सुनुवाईको अन्त्यमा संयोजकले सुनुवाईमा उठेका जिज्ञासाको जवाफ दिनु पर्नेछ ।यसरी जवाफ दिँदा आयोगबाट निर्क्योल हुनुपर्ने विषयमा धारणा व्यक्त गर्न पाइनेछैन ।

१०. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) समितिले सुनुवाई समाप्त भएको वढिमा ७ दिन भित्र देहायका विषयहरु खुलाई अनुसूची – १ को ढाँचामा आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछः

(क) सुनुवाईको विषय,

(ख) सहभागी वक्ताहरुको नाम, ठेगाना र निजहरुको विचारको सारांश,

(ग) सुनुवाईमा वक्ताहरुले सोधेका प्रश्न वा जिज्ञासा र यसमा संयोजकले दिएको जवाफको सारांश,

(घ) सुनुवाईमा सहभागिहरुको विचारको विश्लेषण,

(ङ) समितिको निश्कर्ष र सुझाव ।

(२) समितिले उपदफा (१) बमोजिमको प्रतिवेदन साथ सार्वजनिक सुनुवाईमा अभिलेखिकरण वा लिपिवद्ध गरेका श्रब्य\दृष्य सामग्री लगायतका सम्बद्ध कागजातका सक्कलै प्रति आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) समितिले आयोग समक्ष पेश गर्ने सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन आयोगको निर्णय विना सार्वजनिक गर्न पाईदैन ।

११. **<u>सार्वजनिक सुनुवाई सम्बन्धी सामग्रीको प्रशारण तथा प्रकाशनः</u>** (१) समितिले अभिलेखिकरण गरेको सुनुवाईको श्रव्य, दृष्य सामग्री वा प्रतिवेदनलाई कुनै संचार माध्यमबाट प्रशारण वा प्रकाशन गराउन आवश्यक देखेमा आयोगले त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुनुवाईको श्रव्य, दृष्य सामग्री संचार माध्यमलाई उपलब्ध गराउने स्वीकृति दिंदा आयोगले पीडितहरुको मनसाय र घटनाको संवेदनशीलता र त्यस्ता सामग्रीको प्रशारण वा प्रकाशनले पार्ने प्रभावलाई समेत विचार गर्नु पर्नेछ ।

(३) सुनुवाईको प्रत्यक्ष प्रशारण गराउन आवश्यक देखेमा आयोगले सुनुवाई पूर्व, प्रत्यक्ष प्रशारण गर्ने सञ्चार माध्यम तोकी अनुमति दिन सक्नेछ ।

## परिच्छेद—चार

## <u>विविध</u>

१२. **<u>दोभाषेको सहयोगः</u>** सार्वजनिक सुनुवाईमा सहभागि हुने व्यक्तिले नेपाली भाषामा आफनो विचार राख्न नसक्ने भएमा समितिले निजको भाषा वुझ्ने व्यक्तिको सहयोग लिन सक्नेछ ।

१३. **<u>कुनै कानूनी कारवाही नहुनेः</u>** सार्वजनिक सुनुवाईमा व्यक्त गरेको कुरालाईमात्र आधार बनाई कसैलाई कुनै किसिमको कानूनी कारवाही हुने छैन ।

१४. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>**यस कार्यविधि बमोजिम सार्वजनिक सुनुवाई गर्दा कुनै बाधा अड्काउ आइ परेमा संयोजकलाई त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

१५. **<u>कार्यविधिको संशोधनः</u>** आयोगले आवश्यकता अनुसार कार्यविधिको संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

१६. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची – १
### (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

### सत्य निरुपण तथा मेलमिलाप आयोग समक्ष पेश गरेको सार्वजनिक सुनुवाई सम्बन्धि प्रतिवेदन

(१) सार्वजनिक सुनुवाई गरेको विषयवस्तुसंग सम्बन्धित उजूरी दर्ता नम्बरः

(२) उजूरीको संक्षिप्त व्यहोराः

(३) सुनुवाई गरेको स्थान, मिति र समयः

(४) सुनुवाईमा सहभागि संख्याः

(५) सुनुवाईको विषयः

(६) निर्धारित विषयमा विचार प्रस्तुत गर्ने वक्ता \ प्रस्तोताको नाम,थर ठेगाना र निजले व्यक्त गरेको संक्षिप्त व्यहोराः

(क)

(ख)

(ग)

(घ)

(ङ)

(७) सुनुवाईमा वक्ताहरुले सोधेका प्रश्न वा जिज्ञासा र यसमा संयोजकले दिएको जवाफको सारांश,

**(८) सुनुवाईमा सहभागिहरुको विचारको  तथ्य विश्लेषणः**

**(९) निश्कर्ष र सुझावः**

. . . . . . . . . . . . .                . . . . . . . . . . . . .

. . . . . . . . . . . . .                . . . . . . . . . . . . .

. . . . . . . . . . . . .

**(समितिका पदाधिकारीको दस्तखत)**

**मितिः–**

सत्य निरुपण तथा मेलमिलाप आयोग

# एक परिचय

१. **<u>सत्य निरुपण तथा मेलमिलाप आयोग गठन</u>**

नेपालको अन्तरिम संविधान, २०६३ र बिस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रतिवद्धता अनुसार व्यवस्थापिका संसदले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयक, २०७१ पारित गरेपश्चात आयोग गठनको प्रक्रिया अगाडि बढेको हो । आयोगका पदाधिकारीहरुको नियुक्तिको लागि नेपाल सरकारले पूर्वप्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । उक्त समितिको सिफारिस बमोजिम मन्त्रिपरिषद्बाट २०७१ साल माघ २७ गते अध्यक्ष तथा दुई महिलासहित पाँच जना पदाधिकारी सम्मिलित सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको हो ।

२. **<u>आयोगको उद्देश्यहरुः</u>**

आयोगका प्रमुख उद्देश्यहरु यसप्रकारका छन्:–

- मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित र पीडक एकिन गर्ने तथा गम्भीर अपराधमा सलग्न पीडकलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने,
- पीडितलाई परिचयपत्र उपलब्ध गराउने र परिपूरणको लागि सिफारिस गर्ने,
- समाजमा शान्ति र मेलमिलापको वातावरण बनाउने,
- भविष्यमा द्वन्द्व दोहोरिन नदिन चाल्नुपर्ने कदमहरु पहिचान गरी सिफारिस गर्ने,

- शान्ति प्रकृयालाई सफलतापूर्वक टुङ्ग्याउन सहयोग गर्ने,

३. **<u>आयोगका कार्यहरुः</u>**

आयोगका प्रमुख कार्यहरु यसप्रकारका छन्ः–

(क) <u>सत्य निरुपण सम्बन्धी कार्यः</u>

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुमा पीडित वा निजको तर्फबाट आयोगमा उजुरी परेमा वा आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भई आयोगले छानविन गर्न उपयुक्त सम्झेका त्यस्ता घटनाका सम्बन्धमा छानविन, सत्य अन्वेषण तथा अभिलेख नगरी सत्य निरुपण सम्बन्धी कार्य गर्दछ । आयोगले आवश्यकता अनुसार सार्वजनिक सुनुवाई र अन्य अनुसन्धानका विधिहरु प्रयोग गरी सत्य तथ्य जनसमक्ष ल्याउँछ । आयोगले त्यस्ता घटनाहरुका सम्बन्धमा छानविन गर्दा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्छ ।

(ख) <u>कानूनी कारवाहीका लागि सिफारिसः</u>

कानुनी कारवाही सङ्क्रमणकालीन न्यायको एउटा महत्त्वपूर्ण पक्ष हो ।आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरु जस्तैः बलात्कार, यौनजन्य हिंसा र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकहरुलाई कानूनी कारवाहीको लागि सिफारिस गर्दछ ।

(ग) <u>मेलमिलाप सम्बन्धी कार्यः</u>

पीडक वा पीडितले मेलमिलापको लागि आयोगमा निवेदन दिएमा आयोगले पीडित र पीडकबीच मेलमिलाप गराउन सक्छ । तर पीडकले मेलमिलापको लागि निवेदन दिएको अवस्थामा पीडितको सहमति अनिवार्य लिनुपर्नेछ । मेलमिलाप गराउँदा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितलाई हुनगएको क्षतिवापत पीडकबाट मनासिव क्षतिपूर्ति भराउन सक्छ । मेलमिलाप गराउने सम्बन्धमा पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा मेलमिलाप समारोह आयोजना गर्ने, सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झनास्वरुप प्रतिमा वा सार्वजनिकस्थल

निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउने, मेलमिलाप सम्बन्धी विभिन्न लेख रचना, निबन्ध, गीत, चित्र प्रकाशन गर्न लगाउने व्यवस्था समेत गर्न सक्छ ।

(घ) परिपूरणको लागि सिफारिसः

परिपूरणबाट पीडित वा निजका परिवारलाई क्षतिपूर्ति र राहत प्रदान गर्ने, पुनरुद्धार र समाजमा पुनर्स्थापना गर्ने तथा पीडितको सन्तुष्टि सम्बोधन गर्ने जस्ता बिषयहरु पर्दछन् । आयोगले पीडितको इच्छा वा माग बुझी निःशुल्क शिक्षा वा स्वास्थ्योपचार, सीपमूलक तालिम, बिनाव्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा तथा आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्छ । साथै कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा त्यस्तो सम्पत्ति फिर्ता गराउने तथा सो सम्पत्तिको वास्तविक क्षति यकिन गरी मनासिव क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(ङ) क्षमादानको लागि सिफारिसः

आयोगले बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई क्षमादानको लागि सिफारिस गर्दैन । गम्भीर प्रकृतिका बाहेक अन्य अपराधमा संलग्न पीडकहरुलाई क्षमादानको लागि आयोगले सिफारिस गर्न सक्छ । यसरी सिफारिस गर्दा सशस्त्र द्वन्द्वको क्रममा आफूबाट गलत काम भएको कुरा स्वीकार गरेको, गल्तीको पश्चाताप गरेको, भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरेको, पीडितसँग चित्त बुझ्दो ढंगले क्षमायाचना गरेको, क्षमादान सम्बन्धमा पीडितले सहमति दिएको तथा घटनाको गम्भीरता समेत आयोगले विचार गर्नेछ ।

(च) नीतिगत तथा संरचनागत सुधारको लागि सिफारिसः

भविष्यमा सशस्त्र द्वन्द्व नदोहोरिनका लागि नेपाल सरकारले अवलम्वन गर्नुपर्ने नीतिगत, संरचनागत, संस्थागत, कानूनी,

प्रशासनिक र ब्यवहारिक सुधारका विषयहरु बारे आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्छ ।

(छ) <u>अन्य कार्यः</u>

आयोगमा बयान, वकपत्र वा जानकारी दिन उपस्थित भएको ब्यक्तिले आउँदा, जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्चमा  गरेमा आयोगले त्यस्तो खर्च उपलब्ध गराउँछ भने त्यस्ता ब्यक्तिले आफ्नो र आफ्नो परिवारका सदस्यहरुको सुरक्षाको लागि अनुरोध गरेमा वा आयोगले सुरक्षा दिन आवश्यक ठानेमा नेपाल सरकारको सहयोग लिई सुरक्षाको लागि उचित व्यवस्था गर्दछ । त्यसैगरी आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन र अवहेलना भएको ठहराएमा पन्ध्र हजारसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्दछ ।

(ज) <u>आयोगको प्रतिवेदन कार्यान्वयनः</u>

आयोगले दिएको अन्तरिम प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने गराउने जिम्मेवारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई दिइएको छ । आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई दिइएको छ । यसबाट यस आयोगका सिफारिसहरु प्रभावकारीरुपमा कार्यान्वयन हुनेछ ।

# संक्षिप्त जानकारी

१. **<u>सत्य निरुपण भनेको केहो ?</u>**

सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुको अनुसन्धान छुट्टै बिशेष संयन्त्रबाट गर्न उपयुक्त हुने भएकोले विशेष संयन्त्रबाट त्यस्तो घटनाहरुको छानविन गरी दोषी र पीडित को को हुन् र घटनाको वास्तविक सत्य तथ्य पत्ता लगाउने कार्य हो ।

२. **<u>सशस्त्र द्वन्द्व भन्नाले के बुझिन्छ ?</u>**

सशस्त्र द्वन्द्व भन्नाले सम्बत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच भएको सशस्त्र द्वन्द्व भन्ने बुझिन्छ ।

३. **<u>मानव अधिकार भनेको केहो ?</u>**

मानवलाई मानवीय मूल्य र मर्यादाका साथ मानव भएर बाँच्नका लागि नभई नहुने न्यूनतम आधारभूत अधिकारहरुको संग्रह नै मानव अधिकार हो ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा मानव अधिकारहरुलाई मौलिक हकको रुपमा ब्यवस्था गरिएको छ ।

४. **<u>नेपालमा सत्य निरुपण तथा मेलमिलाप आयोग (आयोग) गठन गर्नुपर्ने अवस्था किन सृजना भयो ?</u>**

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना र त्यस्तो घटनामा संलग्न ब्यक्तिहरुको बारेमा वास्तविक सत्य तथ्य पत्ता लगाई सार्वजनिक गर्न, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरण (क्षतिपूर्ति समेत) को ब्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ र २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओबादीबीच भएको बिस्तृत शान्ति संझौताको बुँदा नं ५.२.५ को आधारमा बेपत्ता

पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोग गठन भएको हो ।

५. **<u>यस आयोगको गठन कहिले भयो ?</u>**

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार मिति २०७१ साल माघ २७ गते यस आयोगको गठन भएको हो ।

६. **<u>आयोगले कहिलेदेखि कहिलेसम्मका घटनाको छानविन गर्छ ?</u>**

आयोगले २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्मका सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाको मात्र छानविन गर्छ ।

७. **<u>पीडक भन्नाले कसलाई बुझिन्छ ?</u>**

पीडक भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा संलग्न व्यक्ति र त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति समेतलाई बुझिन्छ ।

८. **<u>पीडित भन्नाले कसलाई बुझिन्छ ?</u>**

पीडित भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरुप मृत्यु भएको, अपहरण तथा शरीर बन्धक बनाईएको वा शारीरिक वा मानसिक यातना, यौनजन्य वा आर्थिकरुपमा हानीनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य समेतलाई बुझिन्छ । साथै, सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरुप मानवीय, सामाजिक वा सामुदायिकरुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

९. **<u>आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन कसरी गर्छ ?</u>**

आयोगले तल उल्लेख भए बमोजिमका आधारमा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गर्छः

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,

(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,

(ग) आयोगले छानविन गर्न उपयुक्त सम्झेमा ।

१०. **<u>आयोगले सत्य तथ्य कसरी पत्ता लगाउँछ ?</u>**

(क) आयोगले पीडितले उपलब्ध गराएको प्रमाणको विश्लेषणको माध्यमबाट

(ख) स्थलगत अध्ययनको माध्यमबाट

(ग) बयान र साक्षी बकपत्रको माध्यमबाट

(घ) सार्वजनिक सुनुवाईको माध्यमबाट

११. **"परिपूरण" भनेको के हो र आयोगको परिपूरण गर्दा के भूमिका हुन्छ ?**

परिपूरणभित्र पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत आदि कुरा पर्छन् । आयोगले तल उल्लिखित कुराहरु उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्छः

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋणसुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत ।

१२. **पीडितको परिवारका सदस्यमा को को पर्छन् ?**

पीडितको परिवारमा पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजुभाइ वा दिदीबहिनी पर्छन् ।

१३. **आयोगले कसरी पीडक र पीडितबीच मेलमिलाप गराउन सक्छ ?**

पीडक वा पीडितले मेलमिलापको लागि आयोगसमक्ष निवेदन दिएमा ऐनबमोजिम आयोगले पीडक र पीडितबीच एकआपसमा मेलमिलाप गराउन सक्छ । पीडक र पीडितबीच मेलमिलाप गराउँदा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनुका साथै पीडितलाई हुनगएको क्षतिवापत मनासिव क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन समेत सक्छ ।

मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न वा गराउन सक्छः–

(क) सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झनास्वरुप प्रतिमा वा सार्वजनिकस्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्रआदि प्रकाश नगर्न,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्न ।

१४. **आयोगको सिफारिस कार्यान्वय नभए नभएको कसले अनुगमन गर्छ ?**

आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्य राष्ट्रियमा नवअधिकार आयोगले गर्छ ।

१५. **पीडित र साक्षीलाई आयोगमा उपस्थित गराउनुपर्ने अवस्थामा के कसरी उपस्थित गराउन सकिन्छ ?**

पीडित र साक्षीलाई आयोगमा उपस्थित गराउनुपर्ने भए मानिसहरुको आउने जाने यातायात खर्च र खाने बस्ने व्यवस्था आयोगले गर्नेछ ।

*